# न्यूयोर्क राज्य (NEW YORK STATE) का वार्षिक ग्रेडहरू 3 देखि 8 का
# अंग्रेजी भाषा कौशल र गणित जाँचहरू बारे
# अभिभावकहरूद्वारा बारम्बार सोधिने प्रश्नहरू

**1. हामीसँग वार्षिक राज्यव्यापी जाँच किन हुन्छ?**

- न्यूयोर्क राज्यका वार्षिक ग्रेडहरू 3 देखि 8 का अंग्रेजी भाषा कौशल (English Language Arts, ELA) र गणित जाँचहरू कक्षाकोठा निर्देशनलाई मार्गदर्शन गर्ने सिकाई स्तरहरूमा विद्यार्थीहरूले कत्तिको राम्रोसँग निपुणता हासिल गर्दैछन् भन्ने कुरा मापन गर्न र विद्यार्थीहरू आजको विश्वमा सफलताका लागि आवश्यक पर्ने गहन सोचाई, समस्या समाधान र तार्किक सीपहरूसँगै हाई स्कूलबाट ग्रेजुएट गर्नका लागि सही दिशामा छन् भन्ने कुरा सुनिश्चित गर्न मद्दत गर्नका लागि डिजाइन गरिएको छ।
- संघीय प्रत्येक विद्यार्थीको सफलता ऐन 2015 ले 3 देखि 8 ग्रेडका विद्यार्थीको ELA र गणितमा वर्षको एकपटक जाँच लिन आवश्यक ठहराउँछ। विज्ञानका अतिरिक्त जाँचहरू एकपटक प्राथमिक (इलेमेन्टरी) र एकपटक माध्यमिक (मिडल स्कूल) तहमा आवश्यक हुन्छन्।
- दशकौं देखि, न्यूयोर्क राज्यका विद्यार्थीहरूले राज्य जाँचहरू दिँदै आएका छन्। 2010 मा सिकाईका उच्च स्तरहरू अंगीकरण गरिए देखि विद्यार्थीका लागि आवश्यक कुनै अतिरिक्त राज्य जाँचहरूको सुरुवात गरिएको छैन।

**2. 2017 3-8 ग्रेडहरूको ELA र गणित जाँचहरू कहिले लिइनेछन्?**

- 2017 मा, ELA को जाँच मार्च 28 देखि 30 मा र गणितको जाँच मे 2 देखि 4 मा लिइनेछ।
- डिस्ट्रिक्टका व्यवस्थापन अनुसार कम्प्युटरमा-आधारित जाँचहरूका मितिहरूमा केही हद सम्म भिन्नता हुन सक्छन्: ELA जाँचका लागि परीक्षा मिति मार्च 27 देखि अप्रिल 3 र गणितका लागि मे 1 देखि 8 सम्म हुनेछ। CBT मा सहभागिता जनाउने डिस्ट्रिक्टहरूले परीक्षाका यी अवधिहरू बीच अधिकतम समय तीन दिन छनोट गर्नेछन् ।
- त्यहाँ जाँचका दिनमा अनुपस्थित विद्यार्थीहरूका लागि मेक-अप जाँचका मितिहरू हुन्छन्।

**3. कम्प्युटरमा-आधारित जाँचहरू भनेका के हुन्?**

- कम्प्युटरमा-आधारित जाँचहरू त्यस्ता जाँचहरू हुन् जसलाई कम्प्युटर, ट्याब्लेट वा क्रोमबुकबाट दिने व्यवस्था गरिन्छ। अर्को शब्दमा भन्नुपर्दा, विद्यार्थीहरूले कलम र कागजको सट्टामा कम्प्युटरमा जाँच दिन्छन्।
- राज्य शिक्षा विभाग (State Department of Education) (विभाग) ले डिस्ट्रिक्टहरूलाई कम्प्युटरमा-आधारित परीक्षण (CBT) मा जाने वातावरण दिन मद्दत गर्दैछ। यो बसन्त ऋतु (स्प्रिङ) मा, केही डिस्ट्रिक्टहरूले 2017 मा 3 देखि 8 ग्रेडहरूका ELA र गणित जाँचहरूका लागि CBT मा सहभागिता जनाउने निर्णय गरेका छन्। *कम्प्युटर जाँच तथा कागजी जाँचहरू समान जाँचहरू हुन्। एउटै भिन्नता के भनेकम्प्युटरमा जाँच दिने विद्यार्थीहरूले जवाफ बबलहरू भर्नु वा जाँचका जवाफहरू हातले लेख्नुको सट्टा जवाफ बबलमा क्लिक गर्नेछन् र आफ्ना जवाफहरू टाइप गर्नेछन्।*
- विभागले आगामी वर्ष थप डिस्ट्रिक्टहरूमा CBT प्रयोग गराउने योजना बनाएको छ। वार्षिक राज्य जाँचहरूका लागि सबै डिस्ट्रिक्टहरूमा CBT प्रयोग गराउने दीर्घकालीन योजना छ।

**4. जाँचमा कस्ता प्रकारका प्रश्नहरू सोधिन्छन्?**

- जाँचका कागजी र कम्प्युटर संस्करणहरूले बहु बैकल्पिक र स्वतन्त्र उत्तर दिने खालका दुवै खाले प्रश्नहरू समावेश गर्छन्, जसले ग्रेड स्तर सिकाई स्तरहरूलाई मूल्याङ्कन गर्छ। प्रश्नहरूले विद्यार्थीहरूलाई आफ्नो ज्ञान प्रयोग गर्न तथा आफ्नो तर्क राखेर व्याख्या गर्न आवश्यक गराउँछ। विद्यार्थीहरूले यी जाँचहरूमा जटिल पाठहरू पढ्ने, सही-तर्कयुक्त जवाफहरू लेख्ने र वास्तविक-विश्वका शब्दिक प्रश्नहरू समाधान गर्ने कार्यमा समय बिताउने छन्, जसले कलेज वा क्यारियर अभ्यास वा सफलता हासिल गर्नक लागि अत्यावश्यक सीपहरू र आधार उपलब्ध गराउँछन्।
- गत स्प्रिङमा, विभागले जाँचका 75 प्रतिशत प्रश्नहरू 2016 का जाँचहरूबाट वितरण गऱ्यो - यो परीक्षा कार्यक्रममा अगाडि जारी गरेका भन्दा धेरै प्रश्नहरू हुन्। तपाईंले 2016 questions EngageNY (https://www.engageny.org/3-8) मा हेर्न सक्नुहुन्छ।
- 2017 का जाँचहरूमा 2016 का जाँचहरू जस्तै समान संख्यामा प्रश्नहरू हुनेछन्। अघिल्ला वर्षका जाँचहरूसँग तुलनामा 2016 का प्रत्येक जाँचका ELA र गणित जाँचमा थोरै प्रश्नहरू थिए।

**5. तपाईंको बच्चाले यी जाँचहरू दिने कुरा किन महत्त्वपूर्ण हुन्छ?**

- यी जाँचहरूले शिक्षक र विद्यालयहरूलाई त्यस्ता जानकारी उपलब्ध गराउँछन् जुन जानकारीलाई उनीहरूको निर्देशन तथा कक्षा योजना मार्गदर्शन गर्न र कक्षा कोठामा दिइएका सीप तथा अवधारणाहरूमा विद्यार्थीहरूले कत्तिको राम्रोसँग प्रगति गर्दैछन् भन्ने कुरा तिनीहरूलाई बुझाउन मद्दत गर्नका लागि प्रयोग गर्न सकिन्छ।
- जाँचका परिणामहरूले विद्यार्थीका विभिन्न समूहहरू बीच सफलताका अन्तरहरू पहिचान गर्न पनि मद्दत गर्नेछन्। जाँचहरूमा व्यापक सहभागी नभइकन विद्यालय तथा जिल्लाका नेताहरूलाई यी अन्तरहरूको पहिचान गर्न र ती अन्तरहरूले आवश्यक परेका विद्यार्थीहरूलाई थप सहायता तथा स्रोतहरू उपलब्ध गराउन मद्दत गर्नेछ ।

**6. के संयुक्त राज्यका नयाँ अंग्रेजी भाषा सिकारूहरू (English Language Learners (ELA)) ग्रेडहरू 3-8 ELA जाँचहरूमा सहभागी हुन्छन्?**

- सङ्घीय कानूनको आधारमा, विभागको हालको नीति भनेको 2017 ग्रेडहरू 3-8 ELA जाँचहरूका लागि मात्र, मार्च 27, 2017 मा एक वर्ष भन्दा कम समयको लागि पहिलो पटक संयुक्त राज्यको विद्यालयमा उपस्थित भइरहेको हुने अंग्रेजी भाषा सिकारूहरू (प्युर्टो रिकोबाट आएका सहित) लाई छूट दिइएको छ ।
- विद्यालयहरूले माथिको मापदण्ड पूरा गरी हालै आएका अंग्रेजी भाषा सिकारूहरूका लागि सहभागिताका आवश्यकतहरू पूरा गर्नको लागि मात्र 2017 ग्रेडहरू 3-8 ELA जाँचहरूको स्थानमा सहायक भाषा उपलब्धी जाँचको रूपमा न्यूयोर्क राज्य अंग्रेजी (New York State English as a Second Language Achievement Test, NYSESLAT) को प्रयोग गर्न सक्छन्।

- 2017 ग्रेडहरू 3-8 ELA जाँचहरूका साथै NYSESLAT मा अन्य सबै अंग्रेजी सिकारूहरू सहभागी हुने आशा गरिएको छ।

7. **असक्षमता भएका विद्यार्थीहरूका लागि कुनै परीक्षण सुविधाहरू छन्?**
   - छन्, सिकाइको लागि अपेक्षाहरूलाई कम नगरी असक्षमता भएका विद्यार्थी प्रस्तुत भएमा जाँच लिने प्रक्रियामा आउने बाधाहरूलाई हटाउनको लागि परीक्षणको प्रशासनले केहीपरिवर्तनहरू अपनाउनेछन् । विशेष शिक्षा समिति (Committee on Special Education, CSE) वा विद्यार्थीको विशिष्ट आवश्यकताहरूमा आधारित सेक्सन 504 समितिद्वारा हरेक विद्यार्थीहरूका लागि विशेष परीक्षण सुविधाहरू सिफारिस गरिएको छ।
   - परीक्षण सुविधाहरूलाई विद्यार्थीको व्यक्तिगतकरण शिक्षा कार्यक्रमहरू (Individualized Education Programs, IEPs) वा सेक्सन 504 योजनाहरूमा लेखिएको हुनु पर्नेछ र यसमा निम्न कुराहरू समावेश हुन सक्छन्: तालिका/समयमा लचकता (जस्तै, परीक्षणको समयमा वृद्धि गर्ने); परीक्षण सेटिङमा लचकता (जस्तै, अलग स्थानमा परीक्षण गर्नु); परीक्षण प्रस्तुतीकरणमा परिवर्तनहरू (जस्तै; ठूलो आकारमा छाप्ने) र प्रतिक्रियाको विधिमा परिवर्तनहरू (जस्तै, लिखित प्रतिक्रियाहरूका लागि खेस्राको प्रयोग गर्ने)।
   - IEP/सेक्सन 504 योजनामा सिफारिस अनुरूप तथा विभागको नीति अनुसार सबै राज्य तथा स्थानीय जाँचहरूमा असक्षमता भएका विद्यार्थीहरूका लागि सुविधाहरूलाई कार्यान्वयन गरिएको छ भन्ने कुराको सुनिश्चिताका लागि प्रधानाध्यापकहरू उत्तरदायी हुन्छन्।

8. **मैले आफ्नो बच्चाको नतिजा प्रतिवेदनबाट के सिक्ने?**
   - वार्षिक मूल्याङ्कनहरूका नतिजाहरूले तपाईंलाई आफ्नो बच्चाको शैक्षिक प्रगति तथा उपलब्धीको बारेमा जानकारी प्रदान गर्छ। तपाईं आफ्नो बच्चाले राज्य भरिका अन्य बच्चाहरूको तुलनामा कस्तो गर्‍यो भनी हेर्नको लागि योग्य हुनुहुनेछ। नतिजा प्रतिवेदन समर सम्ममा तयार हुनेछ।
   - समग्र स्केलको अंक तथा कार्य सम्पादनको स्तर उपलब्ध गराउनुको अतिरिक्त, ELA र गणित प्रतिवेदनहरू दुबैले तपाईंको बच्चाले विशेष सीप र अवधारणाका क्षेत्रहरूमा कस्तो अंक प्राप्त गर्‍यो भनी देखाउँछ। उदाहरणको लागि, ELA ले पढाइ तथा लेखाइ दुबैको लागि अंकहरू उपलब्ध गराउँछ; गणित प्रतिवेदनले त्यस ग्रेडको स्तरको लागि मुख्य गणितका अवधारणाहरूका लागि अंकहरू उपलब्ध गराउँछ। यस जानकारीले तपाईंको बच्चाले कहाँ राम्रो गरिरहेको छ र उसलाई वा उनलाई कहाँ थप सहायताको आवश्यकता छ भनी बुझ्नको लागि तपाईंको बच्चाका शिक्षक(हरू) लाई मद्दत गर्दछ।
   - नतिजा प्रतिवेदनहरू आमा बुवाहरूकालाई थप उपयोगी र बुझ्न सकिने बनाउनको लागि 2016 मा पुन: डिजाइन गरिएको थियो।

9. **मेरो बच्चाको नतिजाहरूक प्रयोग कसरी गरिनेछ?**
   - तपाईंले आफ्नो बच्चाको कक्षामा आवश्यक पर्न सक्ने अतिरिक्त सहायताहरू मार्गदर्शन र गर्नका लागि आफ्नो बच्चाका शिक्षक(हरू) सँग छलफल गर्न साथै तपाईं आफ्नो बच्चालाई घरमा सहायता गर्नको लागि योग्य हुने अन्य तरिकाहरूको बारेमा जान्न लागि नतिजाको प्रयोग गर्न सक्नुहुन्छ।
   - विद्यालय, जिल्लाहरू तथा राज्यले न्यूयोर्क सिकाइ मापदण्डहरूमा कत्तिको राम्ररी प्रगति गरिरहेका छन् भनी हेर्नको लागि पनि नतिजाहरूको प्रयोग गर्न सकिन्छ।
   - शिक्षा आयुक्त (Commissioner of Education) का राज्य कानून तथा नियमनहरूले ग्रेडहरू 3-8 ELA र गणित जाँचहरूमा मात्र वा प्राथमिक रूपमा आधारित प्रवर्द्धन वा व्यवस्थाका निर्णयहरू गर्नबाट विद्यालय जिल्लाहरूलाई निषेध गर्दछ। शिक्षकहरूलाई आधिकारिक रूपमा मूल्याङ्कन गर्नको लागि नतिजाहरूको हाल प्रयोग गरिदैन।

10. **मेरो बच्चाले आफ्नो प्रतिवेदन कार्डमा राम्रो गर्‍यो तर राज्य जाँचहरूमा नराम्रो गर्‍यो भने के हुन्छ?**
    - वार्षिक जाँचहरू तपाईंको बच्चाको शैक्षिक उपलब्धी मापन गर्न र एकै नजरमा नतिजा प्रस्तुत गर्नको लागि प्रयोग गरिएका विविध उपायहरू मध्ये मध्ये एक हुन्।
    - रिपोर्ट कार्डमा ग्रेडहरू सञ्चित हुन्छन् र कक्षा सहभागिता, गृहकार्य, उपस्थिति, प्रश्नत्तोर, जाँचहरू तथा अन्य निर्देशनात्मक क्रियाकलापहरू सहित धेरै तत्वहरूमा आधारित हुन्छन्, जुन बच्चाको शैक्षिक उपलब्धी निर्धारण गर्नमा महत्त्वपूर्ण रहन्छन् तर वार्षिक राज्य जाँच नतिजाहरूमा यी तत्वहरू प्रतिबिम्बित हुने गर्दैनन्।

11. **जाँचहरूको समय अवधी कति लामो हुन्छन्?**
    - प्रत्येक ELA र गणितको जाँचहरू तीन दिनको अवधि भित्र लिइने गरिन्छ। ग्रेड 3 र 4 का विद्यार्थीहरूले प्रत्येक दिन जाँचमा 60-70 मिनेटको समय खर्च गर्नेछन् भने ग्रेडहरू 5-8 का विद्यार्थीहरूले प्रत्येक दिन जाँचमा 80-90 मिनेट समय खर्च गर्नेछन् भन्ने अनुमान गरिएको छ। सामान्यतया, जाँचहरू पूरा हुन एउटा विद्यार्थीले प्रत्येक वर्ष कक्षामा खर्च गर्ने आफ्नो कूल समयको 1 प्रतिशत भन्दा कम समय लाग्छ।
    - यद्यपि, 2017 मा हुने जाँचहरू समय-सीमारहित हुनेछन्, वास्तविक जाँच लिइने समय विद्यार्थी अनुसार भिन्न हुनेछ। 2016 मा भएका जाँचहरू पनि समय-सीमारहित थिए।

12. **न्यूयोर्क राज्य (New York State) का शिक्षकहरू जाँच विकास प्रक्रियामा कसरी संलग्न हुन्छन्?**
    - NYS शिक्षकहरूले ग्रेडहरू 3-8 ELA र गणितका जाँचहरूमा प्रत्येक अनुच्छेद तथा प्रश्नहरूको समीक्षा र अनुमोदन गर्छन्।
    - जाँच विकासको अवधिमा, राज्य भरका शिक्षकहरू 2017 मा हुने जाँचहरूका लागि प्रश्नहरूको मूल्याङ्कन तथा चयन गर्न अल्बानी (Albany) मा धेरै पटक जम्मा भएका थिए। 2017 का जाँचहरूमा समावेश गरिएका हरेक प्रश्नलाई कम्तीमा पनि 22 शिक्षकहरूद्वारा समीक्षा गरिएको थियो।
    - 2016 देखि, न्यूयोर्क राज्यका शिक्षकहरू भविष्यमा हुने जाँचका प्रश्नहरू लेख्ने कार्यमा संलग्न भएका छन्। यी प्रश्नहरू पहिलो पटक 2018 मा सञ्चालन हुने जाँचहरूमा देखिनेछन्।

13. **परीक्षण कार्यक्रमको सुधार गर्नको लागि अन्य के-के कुरा गरिँदैछ?**
    - न्यूयोर्क राज्यका शिक्षकहरू कक्षाकोठा गतिविधिहरू तथा राज्य सिकाइ मापदण्डहरूलाई अनुरूप छन् भनी सुनिश्चित गर्न भविष्यका जाँचहरूको विकासमा सक्रिय रूपमा संलग्न हुने कार्य जारी राख्नेछन्।
    - विभागले थप जिल्लाहरूमा कम्प्युटर आधारित परीक्षणमा जानका लागि मद्दत गरिरहेको छ, जसले नतिजाहरूलाई थप तीव्र रूपमा उपलब्ध गराउनेछ।
    - 2016 मा जस्तै, विभागले विद्यालय वर्षको अन्त्य भन्दा पहिले शिक्षकहरूलाई 75 प्रतिशत जाँचका प्रश्नहरू वितरण र निर्देशनात्मक प्रतिवेदनहरू फिर्ता गर्नेछ।